# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ७, संख्याः ३, जेठ ७ गते, २०८० साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

# व्यास नगरपालिका महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।२।७

**प्रस्तावना** : संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारलाई सबै नागरिकले उपयोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुँदा नं.६ मा स्वयंसेवाको अवधारणालाई विकास गर्न राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको परिचालन तथा व्यवस्थापनका लागि नगरपालिका क्षेत्रमा मातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदरलाई कम गर्न महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सक्रिय भूमिका रहेको हुँदा समुदायमा सचेतना अभिवृद्धि एवं स्वास्थ्य सेवा प्रवाहको लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरित गराउन नगरपालिकाबाट थप सेवा सुविधा प्रदान गर्न आवश्यक देखिएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "व्यास नगरपालिका महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यविधि, २०८०" रहने छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यविधि" भन्नाले "महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यविधि, २०८०" सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) "छनौट" भन्नाले "पहिलो पटक वा पुनः तोकिएको प्रक्रिया र बिधि पुरा गरी छनौट भएको योग्य व्यक्ति सम्झनु पर्छ ।

(ङ) "बिदाई" भन्नाले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा स्वयंसेवी भावना एवं मर्यादाका साथ काम गरी सेवाबाट अलग भएको भन्ने सम्झनु पर्छ ।

(च) "स्वयंसेविका" भन्नाले स्थानीय स्वास्थ्य आमा समूहद्वारा छनौट गरिएको निश्चित अवधिसम्म स्वयंसेवक भई काम गर्न तत्पर भएका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रमलाई आधारमानी सम्बन्धित प्रदेशले तयार गरेको पाठ्यक्रम अनुसार तालिम प्राप्त गरी स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न राष्ट्रिय स्वास्थ्य अभियानहरु तथा स्वास्थ्य कार्यकमहरुमा सहयोग पुर्‍याउने स्वयंसेवी महिला सम्झनु पर्छ । साथै यस शब्दले आमा समूहबाट छनौट भई तालिम लिन बाँकी रहेका स्वयंसेवी महिला समेतलाई सम्झनु पर्छ ।

## परिच्छेद २
## स्वयंसेविका छनौट तथा बिदाई एवं सेवा रद्द सम्बन्धी व्यवस्था

३. **स्वयंसेविका छनौट :** (१) नगरपालिकाले स्वयंसेविकाको छनौट संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशिका बमोजिम देहाय अनुसार गर्नेछ :

(क) तोकिएको कार्यक्षेत्रमा स्थायी बसोबास गरेको हुनु पर्ने,

(ख) कम्तिमा पाँच वर्ष सेवा गर्न इच्छुक रहेको प्रतिबद्धता गरेको हुनु पर्ने,

(ग) समाज सेवा गर्न इच्छा भएको,

(घ) २५ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको,

(ङ) राजनीतिमा नलागेको र कुनै पनि राजनीतिक पदमा बहाल नरहेको,

(च) कुनै पनि लाभको पदमा बहाल नगरेको,

(छ) कम्तीमा एस.एल.सी. वा एस.ई.ई. उत्तीर्ण गरेको ।

(२) लोपोन्मुख, आदिवासी र दलित वर्गलाई प्राथमिकता दिइने ।

४. **स्वयंसेविकाको बिदाई :** महिला स्वास्थ्य स्वयंसेविकाहरुको बिदाई देहाय बमोजिम हुनेछ :

(क) राजिनामा दिएमा,

(ख) ६० वर्ष उमेर पुरा भएमा,

(ग) स्वयंसेविकाले नगरपालिकाको स्वास्थ्य तथा जनसंख्या शाखा समक्ष सेवा छाड्ने इच्छा जाहेर गरी बिदाई लिएमा,

(घ) प्रत्येक पाँच वर्षमा आमा समूहबाट पुनः छनौट नभएमा,

(ङ) राजनैतिक एवं कुनै पनि सरकारी वा अन्य संघसंस्थाको वैतनिक पदमा नियुक्ति वा मनोनयन लिएमा,

(च) तोकिएको भौगोलिक क्षेत्रमा घर ठेगान रही ९० प्रतिशतभन्दा कम अवधि बसोबास गरेको अवस्था रहेमा ।

५. **स्वयंसेविकाको सेवा रद्द गरिने :** (१) स्वयंसेविकाको सेवा देहायका अवस्थामा रद्द गरिने छ :

(क) स्वयंसेवी भावना तथा आचरण बमोजिम कार्य नगरेको पाइएमा,

(ख) भ्रष्टाचार, अनुशासनको उल्लङ्घन तथा नैतिक पतन देखिने कार्य गरेमा,

(ग) जनप्रतिनिधि भई वा कर्मचारीको रुपमा कहि कतैबाट दैनिक ज्यालादारी, करार र स्थायी नियुक्ति लिई सेवा सुविधा वा तलब स्केलमा रहेको पाइएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्वयंसेविकाले बिना सूचना चार महिनासम्म लगातार मासिक बैठकमा अनुपस्थित भएमा स्वतः सेवा रद्द हुनेछ ।

## परिच्छेद ३
## सेवा सुविधा सम्बन्धी व्यवस्था

६. **सेवा तथा सुविधा :** (१) स्वयंसेविकाले कुनै पनि किसिमको तलब तथा अन्य सुविधा दावी गर्न पाउने छैन । सकभर सेवा सुविधा बैंक मार्फत् उपलब्ध गराइने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वयंसेविकाले मासिक रुपमा आमा समूहको बैठक सञ्चालन, मासिक बैठकमा उपस्थिति, खोप क्लिनिक तथा समुदायमा सहयोग जस्ता क्रियाकलापमा उत्प्रेरणाको लागि अनुसूची १ अनुसारको सेवा सुविधा प्रदान गरिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ५ बमोजिम सेवा रद्द भएको अवस्थामा कुनै पनि प्रकारको सेवा सुविधा उपलब्ध गराइने छैन ।

## परिच्छेद ४
## विविध

७. **अन्य छुट विषय सम्बन्धी :** यस कार्यविधिमा उल्लेख नभएका वा समावेश नभएका विषयका सम्बन्धमा कार्यपालिकाको निर्णय र प्रचलित कानुन बमोजिम हुनेछ ।

८. **संशोधन तथा खारेजी :** कार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन तथा खारेज गर्न सक्नेछ ।

९. **सुविधा :** यो कार्यविधि लागू हून पूर्व कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई यस कार्यविधि बमोजिम प्राप्त हुने सुविधा प्रदान गर्न सकिने छ ।

अनुसूची १
दफा ६ (२) सँग सम्बन्धित
<u>स्वयंसेविकाले पाउने सुविधा</u>

| सि.नं. | क्रियाकलाप | अवधि | दर | कैफियत |
|---|---|---|---|---|
| १. | स्वयंसेविकालाई सम्मानजनक बिदाई | १० वर्षभन्दा बढी अवधि सेवा गरेकालाई | १५,०००। | |
| २. | मासिक प्रोत्साहन खर्च | प्रति महिना | १,०००। | |
| ३. | नगरस्तरीय राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस मनाउने खर्च बढीमा | प्रत्येक वर्ष | ५०,०००। | |
| ४. | अन्य विविध सहयोग कार्यक्रम | प्रत्येक वर्ष | नगरपालिकाको निर्णय अनुसार | |

आज्ञाले
गंगालाल सुबेदी
प्रमुख प्रशासकीय अधिकृत